# १३ येशूलाई पोसाकरुपी लगाउनु

*यस अध्यायको निम्ति पढ्नुहोस:* गलाती ३:२६-२९, रोमी ६:१-६, कलस्सी ३:१-१०, एफिसी ४:२२-२४, १ कोरन्थी १५:४९-५५, २ कोरन्थी ५:१-४।

*कण्ठ गर्नुपर्ने पद:* "बरू, प्रभु येशू ख्रीष्टलाई लुगा जस्तै गरेर लगाउनु। तिम्रो पापी स्वभावको चाहनालाई कसरी सतुष्ट पार्ने भनेर नसोच्नु" (रोमी १३:१४ रूपान्तरित।

हुनसक्छ तपाईंले कुनै बेला फुललाई भुइँमा खसाल्नुभयो होला र त्यसले गरेको फोहरप्रति तपाईं आफै दिक्क हुनुभएको होला। तर त्यो टुक्रा टुक्रा भएर छरिएको फुल फेरि यथावटै फुल भएर जुटेको तपाईंले कहिलै देख्नुभएको छ? कदापी देख्नुभएको छैन। तर यथार्थ जीवन त्यस्तै हुनुपर्छ भन्ने छैन।

पापमय संसारको प्राकृतिक मूल नियम नै जेपनि खिइएर जाने हो। तर केहि नभएको प्राकृतिक सम्पदा के हुन्छ त? (१) उर्जाको निम्ति बिकसित भएर वस्छ र व्यवस्थित रूपमा रहन्छ वा (२) खिइएर जान्छ र अव्यवस्थित ढँगको रूप लिन्छ? यसको जवाफ स्पष्ट छ। प्राकृतिक जीवनको परिणाम हाम्रै वरिपरि देखीरहेकाछौं र हाम्रै जीवनमा पनि अनुभव गरीरहेका हुन्छौं (उदाहरणमा: उमेर ढल्किन्दैं जाँदा, हाम्रा शरीर बुढो हुँदै जान्छ)।

यो प्राकृतिक नियमलाई वाख्या विज्ञानले गर्दछ तर सतहमा होइन गहिरीएर त्यसको ज्ञान हासिल गर्नुपर्छ। यद्यपि, प्रकृतिका कतिपय कुराहरू बुझ्न तपाईं विश्वविद्यालयमा गएर पिएचडी गर्न आवश्यक छैन। यो भन्दा अघिल्लो अध्यायमा हेरेको पद नै हामीलाई

यथेष्ठ बुझाउन सक्छः "यस संसार  लुगा जस्तै खिइएर जाने छ" (यशैया ५१:६)।

तर यी सबै परिवेशमा हामीसँग सुसमाचार अर्थात् येशूको बारेमा असल समाचार हामीसँग छ। यसले हामी सबैलाई मुक्तिको योजना दिन्छ। यसको अर्थ पुरानो, टुक्रा टुक्रा भएको जीवनलाई नयाँ बनाइ पुनःसरंचना गरी नयाँ बनाइ दिने मुक्तिको योजना हो।

यस अन्तिम अध्यायमा बाइबलले देखाएका अरू केहि विषेश लुगाको बारेमा हेर्नेछौं। नवजीवन र पुनःसंरचना कसरी हुन्छन् भनेर बाइबलले देखाएका ती लुगाहरूको प्रतिकले हामीलाई सिकाउनेछ।

## १. प्रतिज्ञामुताविक उत्तराधिकारी (गलाती ३:२६-२९)

प्रारम्भिक कालदेखि नै इसाई चर्चले अत्यन्त संघर्ष गर्नुपरेको थियो। अहिले पनि हामी कसरी मुक्ति पाउँछौं भन्ने कुरामा चर्चमा बादबिवाद भइरहेको हामी पाउँछौं। गलातीमा भएको चर्चमा पावलले त्यस बिषयमा सिधै वाख्या गर्नुपरेको थियो। गलत धार्मदर्शन विस्तारै त्यस चर्चमा प्रवेश गरेको थियो। यसले गर्दा विशुद्ध र स्वच्छ सुसमाचारलाई खलल ल्याइएको थियो।

गलाती ३:२६-२९मा पावलले के मूल विषयलाई औँल्याइरहेकाछन्? (ग्रीक भाषामा "लगाऊ" भनेको अर्थ "लुगा पहिरनु" हो)।

बप्तिस्मा लिने सबै जनाले येशू पहिरिएका छन् भनेर पावलले पद २७मा भन्दछन्। सबै पापी थिए तर तिनीहरूका पापहरू धोइएका थिए। तिनीहरूको पुरानो र फोहर थाङ्ना बिलाएर गइसक्यो। अब ती मानिसहरू परमेश्वरको धार्मिक लुगा ओढाइएर नयाँ बनिएका थिए। अब येशूको जीवन, उहाँको सिद्धता र चरित्र आफ्नै हुन् भनेर तिनीहरूले दावी गर्नसक्दथे। प्रतिज्ञासहितका सबै सम्झौताहरू अब येशूमा पूरा भइसकेका थिए। येशू लगाएको हुनाले तिनीहरूले ती प्रतिज्ञाहरू आफैको निम्ति हो भनेर दावी गर्न सक्दथे। तिनीहरू अब्राहमलाई

दिइएको प्रतिज्ञा (उत्पत्ति १२:२,३) अनुसार उत्तराधिकारी भएका थिए। तर तिनीहरूको जात वा तिनीहरूले गरेको कामले गर्दा यो अवसर तिनीहरूले पाएका थिएनन्, तर तिनीहरूको विश्वास र आस्था येशूमा भएको कारणले परमेश्वरका छोराछोरीहरू हुने हक पाएका थिए।

रोमी ६:१-६मा पावलले के भनीरहेकाछन्? येशूमा लुगा लगाउनु भनेको अर्थ त्यसले कसरी सहि रूपमा वाख्या गर्दछ?

हामी परमेश्वरका सन्तान हौं भनेर संसारलाई भनीरहनु मात्र येशू ओढ्नु होइन। हामी येशूभक्तहरू येशूमा एक हौं। हाम्रो जीवन उहाँमा अर्पित जीवन हो। उहाँद्वारा नै हामी पुनर्जीवित भएकाछौं र हाम्रो जीवनमा पुनःसंरचना पल्हाएका हुन्छन्। कतिपय इसाईहरूले पुरानो बाटो बदल्न चाहन्दैनन्। उनीहरूको पुरानो बानीव्यहोरालाई कायमै राख्न चाहन्छन्, उनीहरूले आफ्ना पुरानो जीवनशैलीलाई त्यत्तिकै चलाउन दिएका हुन्छन्। यस्ता इसाई हुँ भनेर दावी गर्नेहरूले कस्ता लुगा तिनीहरूले ओढिरहेका छन् भनेर परमेश्वरको ऐनामा हेर्नु नितान्त आवश्यक छ।

तपाईंले कस्तो खालको लुगा लगाइरहनुभएकोछ? घरमा वा कसैले नहेरेको बेलामा लगाउने लुगा र सार्जनिक स्थलमा लगाउने लुगामा केहि अन्तर छ त? तपाईंको जवाफले तपाईंको नियतलाई खुलाउनसक्दछ।

## २. सच्चा येशूभक्तको हृदयमा लोभ, प्रलोभन, लालच तथा स्वार्थसिद्ध गर्ने तत्वहरूको ठाउँ छैन (रोमी १३)

धार्मिक दर्शनमा अत्यन्त गहिराइमा गएपनि पावल व्यावहारिक पनि भएको पाउँछौं। मानिसलाई चिसो बनाउने कुनै पनि धार्मिक दर्शन वा धर्मले पावलको मूल विषय वस्तुलाई गलत सम्झन सक्दछ। येशूको बारेमा सबै थोक सिकाउने नै इसाई धर्म हो। येशूको बारेमा र पापी मानिसहरूको निम्ति आफ्नो जीवन, मृत्यु र पुजारीको काम

देखाउने मूल धर्मशास्त्र बाइबल वा इसाई धर्म हो। परमेश्वरको व्यवस्थाप्रति संवेदनशील भएर उहाँको अगाडि उभिन हामी कसरी परिवर्तन भयौं भन्ने कुरालाई मात्र औंल्याउने कार्य इसाई धर्मको होइन। तर यसले हामी कस्तो परिवर्तित जीवन बिताइरहेका छौं भनेर पनि बताउँदछ। दैनिक जीवनमा नयाँ शक्ति पाएर जीउनु र अहिले नै पुनर्जीवनको प्रत्याभूति पाउन दिने धर्म इसाई धर्म हो। येशूमा नयाँ जीवन पाउने प्रक्रिया यसैले मात्र देखाउँदछ।

इसाई हौं भनेर दावी गर्नेहरूको निम्ति रोमी १३मा पावलले मार्ग निर्देशन दिएका छन्। हाम्रो दैनिक जीवनशैलीको निम्ति यस अध्यायले औंल्याइका अत्यन्त उपयोगी नितिनिर्देशनहरूमा दृष्टिगत गर्नुहोस्।

हामी कसरी असल नागरिक र छिमेकी हुने भन्ने मामिलालाई प्रायजसो यस अध्यायले औंल्याइएका छन्। बाइबलले देखाइएको व्यवस्थाको मूल सार यसले दोहोऱ्याइएको पाउँछौं। त्यो सार यी प्रख्यात शव्दहरूले अन्त गरिएको छ: "तिम्रो छिमेकी अर्थात् दोश्रो व्यक्तिलाई आफूलाई जस्तै माया गर्नु।" (पद ९ रूपान्तरित)।

पद ११-१४को भाषामा केहि बदलिएको पाउँछौं। सरकारको अधिनमा रहेर त्यसको नितिनियमहरू पालन गर्नु भनेर पावलले रोमी १३ अध्यायलाई सुरू गर्दछन्। अनि येशूको दोश्रो आगमनको निम्ति समय थोरै छ भन्ने तर्क उनले प्रस्तुत गर्दछन्। त्यसकारण, यस विषयमा गम्भिर हुनु भनेर रोमी इसाईहरूलाई उनले सचेत गराउँदछन्। यस अध्यायको अन्तमा पावलले यो अनुरोध गर्दछन्: "तिमीहरू स्वामी येशू ख्रीष्ट रूपी लुगा लगाउनु" (पद ९ रूपान्तरित)। गलाती ३:२७मा प्रयोग गरेका त्यहि शव्दहरू यसमा पावलले प्रयोग गरेका छन्। (गलातीमा उल्लेख गरिएका ग्रीक भाषा "लगाउनु"को जरा ग्रीक भाषाको "लुगा लगाउनु" भन्ने अर्थ अगाडि भनिएको सम्झनुहुन्छ? पावलले रोमी १३:१४मा त्यहि ग्रीक शव्दजरालाई यहाँ प्रयोग गरेको पाउँछौं)। त्यसकारण दुवै पदहरूको अर्थ एउटै हो।

पावलले के भन्न खोजीरहेका छन् सो रोमी १३ले स्पष्ट पार्दछ। येशू लगाउनुको अर्थ के हो भनेर ती पदहरूले खुलासा गरिएका छन्। विश्वास तथा आस्था र आज्ञा पालनको जीवनशैली अपनाउनुपर्दछ भनेर ती पदहरूले भन्दछन्। ग्रीक भाषाको “लुगा लगाउनु" भन्ने शव्दजरा फेरि पद १२मा देखापर्दछ। येशूभक्तहरू “ज्योतिका हतियारले सुसज्जित" हुनुपर्दछ भनेर पावलले भन्दछन्। येशू संसारको ज्योति हुनुहुन्छ। जो मानिस उहाँमा चल्दछ त्यो मानिस अन्धकारमा हिंड्दैनन्। तिनीहरूको “अन्धकारका क्रियाकलापहरू" फैंकिसकेकाछन्। अब तिनीहरू ज्योतिमा हिंडदछन्। येशूको हितैषी चरित्रलाई प्रेम र निश्वार्थी क्रियाकलापबाट देखाउन सक्षम् हुनु नै येशूलाई पहिरनु हो। यथार्थमा भन्ने हो भने, हाम्रा वरिपरिका वातावरणहरू अत्यन्त खस्किन्दै गएतापनि येशू लगाउनेहरूको जीवन दिनप्रतिदिन असल र झन असल हुँदै जानु हो (२ कोरन्थी ३:१८ पढ्नुहोस्)।

येशूलाई तपाईंले पूरा लगाउनुभएको भए तपाईंको जीवन कसरी भिन्न होला? तपाईंको जीवनको कुन भाग परमेश्वरबाट लुकाउन खोजिरहनुभएकोछ? तपाईंले आफ्ना सारा जीवन परमेश्वरमा अर्पण गर्नुभएको भए त्यो जीवन कस्तो भिन्न होला?

## ३. फुकाल्नु, लगाउनु (कलस्सी ३:१-१०)

कलस्सी ३:१-१०को १०मा उल्लेखित क्रियापद लगाउनु भनेको त्यहि क्रियापद हो जुन् अघिल्लो अँशमा पावलले प्रयोग गरेका लुगा लगाउनु भनेर हामीले हेरेका थियौं। त्यस कुरालाई मध्यनजर राखेर कलस्सीमा उल्लेखित यहाँ औंल्याएका पदहरूको अर्थले हामीलाई के भनिरहेकाछन्?

यी पदहरूमा वप्तिस्माको तर्क प्रस्तुत गरेका छन् भनेर बाइबलका चिन्तकहरूले भेट्टाएको पाउँछौं (कुन पदले यसलाई औंल्याउन खोजेको तपाईंले पाउनुभएकोछ?)। यहाँ फेरि पुनर्जीवन वा

पुनसंरचनालाई औँल्याइएकाछन्। येशूमा जीउने जीवन दिनप्रतिदिन स्वर्गतिर प्रगतिशिल हुँदै गएको हुनुपर्दछ भनेर ती पदहरूले देखाउँदछन्। येशूमार्गमा हिंड्ने मानिसहरूलाई अतितका कुराहरूले थिची राख्दैनन्। येशूमा हामी पहिलाको जस्तै मानिस हुँदैनौं। पहिला अपनाएको जीवनशैलीमा अब हामी हिंड्दैनौं। अहिले हामीले बिताएको येशूभक्तको जीवन र उहाँ फर्केर आउनेबेलामा बिताउने त्यस जीवनसँग पावलले यहाँ सम्वन्ध गाँसेको पाउँछौं। येशूको दोश्रो आगमनमा के हुनेछ भन्ने कुराको निर्णय उहाँको पहिलो आगमनले हामीलाई के गरिरहेको छ भन्ने सोचाइ र क्रियाकलापमा भर पर्दछ।

एफिसी ४:२२-२४मा पावलले कुन विषय वस्तुलाई औँल्याइरहेका छन्? (ग्रीक भाषामा उल्लेख गरिएको पद २४ले लुगा लगाउनु भनेको छ, यसमा ख्याल गर्नुहोस्)।

“पुरानो मानिस वा व्यक्तित्व" र “नयाँ मानिस वा व्यक्तित्व"को बिचमा के अन्तर छ त्यो ख्याल गर्नुहोस्। सैद्धान्तिक रूपमा भन्ने हो भने पुरानो मानिस वा व्यक्तित्व त्यो हो जसले पुरानो स्वयँ अर्थात् अहँको पछि लाग्दछ। येशूलाई ग्रहण गरेपछि त्यो स्वयँ अर्थात् अहँको मृत्यु हुन्छ। त्यस अहँत्यागको प्रतिक वप्तिस्मा हो। “नयाँ मानिस वा नयाँ व्यक्तित्व" येशूबाट सृजना भएको नयाँ सृष्टि हो। येशू लुगा लगाउनु वा येशूमा रहनु र “नयाँ मानिस" इसाई चरित्रसँग गाँसिएको भनेर यहाँ तर्क गरिन्छ। यो पदको अघिल्लो र पछिल्लो पदहरू पढ्नुहोस्। नयाँ मानिस वा व्यक्तित्वको सारा चरित्र, नियत र कार्यशैलीमा कसरी परिवर्तन आउँछ भन्ने मामिलामा हामी घोरिरहेकाछौं। यो तर्क बाइबलमा बारम्वार दोहोर्‍याइएको हुन्छ। वप्तिस्माको प्रक्रियाले हामी येशूमा नयाँ रूप धारण गरेका मानिस हौं भनेर पुष्टि गर्दछौं। येशू लुगा लगाउनु भनेको केवल उहाँको क्षमालाई ग्रहण गर्नु वा उहाँको सिद्धताले हाम्रो पापलाई ढाक्नु मात्र होइन। येशू लगाउनु वा येशूमा हुनु भनेकोः वर्तमान जीवनमा नयाँ मानिस वा

व्यक्तित्व भएको प्रत्याभूति पाउनु, र येशूको सिद्धता र सत पवित्रताको सृजनामा समावेश हुनु (एफिसी ४:२४)।

कलस्सी ३:१-१० र एफिसी ४:२२-२४ फेरि पढ्नुहोस्। इसाई हुँ भनेर दावी गर्नेहरूलाई के निर्देशन दिइएको छ सो ध्यान गरि पढ्नुहोस्। तपाईंको जीवनको कुन शैलीहरूमा सुधार आउनुपर्दछ? यदि तपाईं त्यस मामिलामा संघर्ष गरिरहनुभएको छ भने तपाईं कुनै यस्ता व्यक्तिकहाँ जानुहोस् जोसँग तपाईंको आत्मियता गाँसिएको छ र परमेश्वरको नजिक छ। उनीसँग बाइबलमा देखाएका उत्तम जीवनशैलीको विषयमा जान्न सहायता माग्नुहोस्।

## ४. आँखाको झलक वा निमेषमा (१ कोरन्थी १५:४९-५५)

हामीले थाहा पायौं कि येशू लगाउनुको अर्थ उहाँमा नयाँ मानिस वा व्यक्तित्व धारण गर्नु हो अर्थात् सच्चा मनोक्रान्तीद्वारा नव जीवन प्राप्त गर्नु हो। "तिमी अव झन झन सृष्टिकर्ता जस्तै हुँदै आइरहेका छौ" (कलस्सी ३:१० रूपान्तरित)। परमेश्वरले के गर्नुभयो र के गरीरहनुभएको छ भन्ने प्रमाण अनगिन्तियौं परिवर्तित इसाईहरूले दिएका छन् र दिइरहेकाछन्। हामीहरूको कमजोरी, संघर्ष, पापको अवस्थामा जाकिएको जीवनमा फस्नु परेतापनि हामीहरूकै जीवनले येशू लगाउनु भनेको के रहेछ भनेर प्रमाणित गरीरहेकाछौं।

तर हामीले इमान्दारीपूर्वक सोचौं। यदि हाम्रो निम्ति येशूले गर्नुभएको काम केवल यस पृथ्वीको निम्ति वा यस संसारमा रहनुसम्मको निम्ति मात्र हो भने हाम्रो निम्ति चिता वा चिहान पर्खिरहेका हुन्छन्। यदि यस जीवनमा मृत्यु मात्र हाम्रो लक्ष्य हो भने येशूमा हुनु र येशू लगाउनुको कुनै अर्थ छैन। इसाई इतिहासमा करोडौं मानिसहरूले येशूको निम्ति र उहाँमा गरिएको विश्वासको कारण अत्यन्त दुःख कष्ट र यातना भोगेका छन् र भोगीरहेकाछन्। तर त्यो केवल यस संसारको चिहान वा चिताको निम्ति मात्र होइन तर येशूको दोश्रो आगमनको प्रतिक्षाको निम्ति हो। त्यसबेला उहाँले दिने अनन्त

जीवनको इनामको अगाडि कुनै पनि दुःख कष्ट केवल सुझमात्र देखिनेछन्।

प्रत्येक येशूभक्तको निम्ति १ कोरन्थी १५:४९-५५मा महान् आशा दिइएको छ, त्यो के हो? जव तपाईं यी पदहरू पढ्नुहुन्छ तब ग्रीक शव्दको अर्थ “लुगा लगाउनु"लाई पनि मध्य नजर राख्नुहोस् कुन शव्दहरूले त्यसलाई औंल्याउँछन्?

पद ५३ र ५४मा उल्लेखित "लगाउनु" शव्दहरू प्रायजसो अनुवाद गरिएको लुगा लगाउनुलाई जनाउँछ जुन हामीले अघि नै हेरीसकेकाछौं। तर हाम्रो येशूभक्त प्रचारक गुरूले अझ माथिल्लो स्तरमा हामीलाई पुऱ्याउन खोज्नु हुन्छ। येशू लगाउनुको अर्थ केवल भावात्मक रूपमा येशू जस्तै हुनु, उहाँको चरित्रलाई देखाउनु र उहाँले सिकाउनुभएको शिक्षादिक्षामा हिंड्नु मात्र होइन। न त मनोक्रान्तीद्वारा चरित्रमा परिवर्तन हुनुमात्रै हो। तर हाम्रो शारीरीक रूमा पनि भयङ्कर परिवर्तन ल्याउने कुरा समावेश गरीएको छ। त्यो समय आउनेछ जब हाम्रो दुखेको, घायल भएको र मर्ने शरीर, त्यो जस्तो अनन्त शरीर हुनेछ जुन येशू मृत्युबाट बौरी उठ्दा पाउनुभएको थियो। लुगा बदल्ने वा नयाँ लुगा लगाउने कुराको बारेमा तर्क गर्दा त्यस रूपलाई हामीले भन्ने? हाम्रो निम्ति प्रतिक्षा गरिइएको त्यो जस्तो महान् आशा अरू के होला र? हाम्रो जीवनको सार्थकता र येशूमा रहने आस्थाको जीवनलाई अर्थपूर्ण बनाउने तत्व केवल त्यहि आशामा निहित भएको हामी पाउँछौं (१ कोरन्थी १५:१२-१९ पनि पढ्नुहोस्)।

जब हामी बुढो हुँदै जान्छौं तब हामी कमजोर हुँदै जान्छौं, हाम्रा शरीरलाई हामी विश्वास गर्न पनि छोड्न थाल्छौं र स्मरण शक्ति ऱ्हास हुँदै गएको कारणले हामी आफूदेखि आफै वाक्क पनि हुन थाल्दछौं। यदि ती अवगुणहरू कतिपय हामीले अनुभव गर्न गइरहेका छैनौं भने अरूमा हामी देखीरहेकाहुन्छौं। माथीका पदहरूले देखाएको अनुसार येशूमा पाउने आशाको बारेमा सोच्नुहोस्। हामीलाई देखाइएको आशाको सामु यो भन्दा उत्तम आशा संसारले के दिन सक्छ र?

## ५. स्वर्गको हाम्रो घर (२ कोरन्थी ५:१-४)

२ कोरन्थी ५:१-४मा पावलले हामीलाई के भनीरहेकाछन्? यहाँ फेरि के आशा दिइएको छ? त्यस आशामा लुगाको प्रतिक कसरी मिल्दछ?

जब सम्म हामी यस संसारमा बाँची रहन्छौं तब सम्म यो शरीर हाम्रो घर हो। हामी पिडाको क्रन्धनमा रहिरहनेछौं र हाम्रो जीवन सुस्केरै सुस्केरीले भर्न सक्दछन्। यस सांसारिक शरीरमा पिडाबाट कसले आवाज निकालेको छैन होला र? येशूका भक्तहरूले सामना गर्नुपर्ने नैराश्यता र आर्तनादलाई १ कोरन्थी ४ले लुकाउँदैन। एउटा सानो अभिव्यक्तिबाट सुरू गरेर यस बुँदाका पदहरूलाई पावलले अघि बढाउँदछन्।

हो, हामी पिडाले कराउँछौं, दुःख कष्ट भोग्छौं, त्यत्ति मात्र होइन विभिन्न रितिले हामी मर्दछौं पनि। तर, हाम्रो जीवनको लक्ष्यलाई पावलले त्यतातिर मोडेको पाउन्नौं। स्वर्गिय घरको पहिरनमा हामी रहनेछौं भनेर पावलले प्रतिज्ञा गर्दछन्।

वर्तमान परिस्थिति र अपेक्षा गरिएको आशालाई कुन दुईवटा प्रतिकद्वारा पावलले वाख्या गर्दछन्? हेर्नुहोस्ः २ कोरन्थी ५:१-४।

पौराणिक कालका कुनै कुनै लेखहरूमा उल्लेख गरिएको अनुसार लुगा लगाउनु भनेको अर्थ घर भित्र रहनु भनेर तर्क गरिएको पाउँछौं। दुवै, घर र लुगा हाम्रो शरीरभन्दा बाहिरको कुरो हो। दुवैको अर्थ निश्चित रूपमा दिइने सुरक्षा र ढकन हुन्। (पावलको समयमा गरिब वर्गले लगाउने वस्त्रको शव्द “सानो घर" भन्ने जनाउँथ्यो)। जुन कारणले पावलले प्रस्तुत गरेतापनि, छोटो समयमा यस संसारमा रहने घर रूपी जीवन र स्वर्गको अनन्त घरको अन्तर देखाउन उनले फरक प्रतिकहरू प्रयोग गरेको पाउँछौं। अर्को नाङ्गो हुनुलाई र लुगा लगाउनुसँग तुलना गरिएको छ। अझ अर्को यथार्थ तथ्यलाई पावलले तुलना गरेको पाउँछौंः एक दिन हामी मर्नेछौं तर येशूमा हामी अनन्त जीवन जीउनेछौं। निचोडमा ती प्रतिकहरूले एउटै कुरालाई वाख्या गर्न

खोजेको छ। जब येशू आउनुहुन्छ तब हामीले स्वर्गिय रूप धारण गर्नेछौं, स्वर्गिय घरमा अनन्तको शरीरमा रहनेछौं भन्ने आशालाई पावलले प्रतिवद्धताका साथ प्रस्तुत गरेका छन्। येशूमा हाम्रो अनन्त जीवन छ भनेर अर्को शव्दहरूमा वाख्या गर्ने तरिका पावलले अपनाएको पाउँछौं।

मृत्युको बारेमा सोच्नुहोस्। झट्ट हेर्दा यो कस्तो अन्तिम भएको देख्छौं। यदि अनन्त जीवनको आशा छैन भने यस संसारमा जीउने सार्थकता के छ र? बाइबलले बताएका अनुसार हामीमा भएका आशाका सारा कारणहरूलाई सिंहावलोकन गर्नुहोस्, जसले देखाउँछ कि मृत्यु हाम्रो जीवनको अन्तिम जवाफ होइन। विश्वासीहरू बिच चर्चा परिचर्चा गर्नुहोस्।

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइटबाट लिखित *द ग्रेट कन्त्रोभर्सी* पृ. ६६५को “द ग्रेट कन्त्रोभर्सी एन्डेड।"

“मुक्ति पाएका सबै विश्वासीहरू स्वर्गमा खुशी हुनेछन्। तिनीहरू प्रशंसा र कृतज्ञाताको पहिरन ओढेर एउटै परिवारमा रहनेछन्। वस्त्रहरू येशूका धार्मिक पोसाक हुन्। सारा प्रकृतीले आफ्ना महान् र सौन्दर्यलाई प्रशंसा र भक्तिसाथ परमेश्वरमा अर्पण गर्नेछन्। सारा पृथ्वी स्वर्गको ज्योतिले नुहाइदिनेछन्। समय कालहरू आनन्दसाथ बित्नेछन्। चन्द्रमाको ज्योति पनि सूर्यको ज्योति जस्तै चम्किनेछन्। र सूर्यको ज्योति अहिलेको भन्दा सात गुणा वढि हुनेछन्। सारा बिहानीका ताराहरू सँगसँगै गाउनेछन्, र परमेश्वरका जनहरू आनन्दले चिच्याउनेछन्। यसै बीचमा परमप्रभु परमेश्वर पिता र ख्रीष्ट येशू एकै स्वरमा घोणणा गर्नेछन्, ‘अब पापको उदय हुनेछैन। मृत्यु अब कहिलै हुनेछैन।’"-एलेन जी ह्वाइट, माई लाइफ टुडे, पृ. ३४८बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. यस अध्यायको अन्तिम बुँदाको प्रश्नको चर्चा फेरि गर्नुहोस्। यसमा उल्लेखित अचम्मको आशालाई आत्मसात् गर्न विश्वासीहरूले एक आपसमा कसरी सहायता गर्नसक्छन्? हुनसक्छ तपाईंका कुनै विश्वासी मित्रहरू शङ्कासंघ लडिबुडी खेलिरहेका होलान्, तिनीहरूलाई तपाईंले कसरी मद्दत गर्न सक्नुहुन्छ?

ख. आजको जमानामा मानिसहरूले विज्ञानमाथि अत्यन्त भर परेको पाउँछौं। सत्यलाई जान्ने एउटैमात्र उपाय हो विज्ञान भनेर कत्तिले विश्वास गर्दछन्। सारा मानव जगतको आशा केवल विज्ञान मात्र हो भनेर पनि कतिपयले वकालत पनि गरिरहेकाछन्। हामीले यस अध्यायमा अध्ययन गरेको वस्तुलाई मध्य नजर राखेर विज्ञान नै सबै थोक हुन् भन्ने आशा गलत हो भनेर गहिरिएर सोच्नुहोस्। जीवनमा सामना गर्ने अत्यन्त महान् समस्या जुन मृत्यु हो, कुनचाहिँ विज्ञानले हामीलाई आशा प्रदान गर्न सक्छ र? हाम्रो आशा केवल परमेश्वरमा नै हुनुपर्दछ र बाइबलमा त्यसको बारेमा धेरै वाचाहरू छन् भनेर हामीले कसरी यकिन गर्ने?

ग. रोमी ७:२४मा उल्लेखित पावलको प्रश्नलाई ध्यान दिनुहोस्: "शरीरले ल्याउने यस मृत्युबाट कसले छुटकारा दिनसक्छ र?" पावलको समयमा मुर्दालाई अपराधीसँग सिक्रीले बादिन्थ्यो। यो अत्यन्त क्रुर सजायँ थियो। पावलले त्यसैलाई सम्झेका थिए। सारा

संसारको दर्शन वा बुद्धिले दिन नसक्ने जवाफ हामीले कसरी दिने?

घ. यदि हामी इसाई हौं भनेर दावी गर्छौं भने येशू लगाउनुको अर्थ के हो सो गहिरिएर सोच्नुहोस्। अरूप्रति तपाईंले देखाउने बानीव्यहोरा, तपाईंको जीवनशैली, तपाईंको सोचबिचार नियत र तपाईंको मनस्थितिले के तपाईं येशू लुगा लगाउनुभएको छ भनेर प्रतिविम्वित गर्दछ र? ती उल्लेखित पक्षहरूमा येशूको चरित्र तपाईंले कसरी देखाउने? हजारौं वर्षको पापले यस संसारलाई पिरोलेकोछ। यसले गर्दा तपाईं निर्णय र अनिर्णयको बन्दी हुन प्रसस्त ठाउँहरू छन्। यद्यपि, येशूमार्ग नै चुनेर उहाँको जीवन बिताउन तपाईं कसरी यकिन गर्न सक्नुहुन्छ? हामीले सिकेका कुरालाई सबैले पालन गर्न वा आत्मसात् गर्न समूहगत भएर वा चर्चमै कसरी एक आपसमा सहायता गर्ने?